मिति २०७२।९।२८

# प्रेस विज्ञप्ती

## नेपाल सरकारवाट निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा लोक सेवा आयोगको परामर्श लिनुपर्ने

नेपाली जनतावाट निर्वाचितसंविधान सभावाट पारित भई मिति २०७२।६।३ देखि नेपालको संविधान लागू भइसकेको छ। विगतमा लागू भएका संविधानहरुमा झैं नेपालको संविधानमा पनि लोक सेवा आयोगलाई एक स्वायत्त संवैधानिक निकायको रुपमा व्यवस्था गरिएको छ। संघीय संरचना अनुसार प्रत्येक प्रदेशमा लोक सेवा आयोग रहने व्यवस्था रहेको र आयोगको कार्यक्षेत्रमा पनि व्यापक वृद्धि गरिएको छ। विगतमा निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उमेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको मुख्य कर्तव्य उल्लेख भएकोमा नेपालको संविधानको धारा २४३ को उपधारा (५) मा **"नेपाल सरकारवाट निवृतिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन"** भन्ने व्यवस्था गरी वृहत दायरालाई समेटेको छ। यो विषयलाई कार्यान्वयन गर्न आयोगबाट मिति २०७२।९।२३ भएको निर्णयानुसार नेपाल सरकारबाट निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा लोक सेवा आयोगको परामर्श अनिवार्य रुपमा लिन तथा यसको अवज्ञा गरी त्यस्ता कुनै पनि निकायले कुनै पनि पदमा नियुक्ति गरेमा त्यस्तो कार्य संविधानको व्यवस्थाको प्रतिकूल हुने हुँदा सो नगर्न नगराउन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**राजिव गौतम**
**प्रवक्ता**